बुद्धभूमि नगरपालिकाको राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि २०७४ को अनुसूची -२
दफा ४ तथा अनुसूची १ को भाग २ सँग सम्बन्धित

# बुद्धभूमि राजपत्र

## कपिलवस्तु

## (स्थानीय राजपत्र)

खण्ड ४ बर्ष ४ अंक ९ मिति : पुस ९ गते २०७७

**स्थानीय सकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम बुद्धभूमि नगरपालिकाले बनाएको तल लेखिए बमोजिमको ऐन, नियम, कार्यविधी, नीति सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।**

# भाग -२

# अति विपन्न तथा विदेश बाट फर्किएका विपन्न परिवारका सदस्य/व्यवसाय उन्मुख युवा कृषकलाई प्रोत्साहन अनुदान कार्यक्रम (तरकारी/मौरी/च्याउ/केरा तथा फलफूल खेती) कार्यविधि– २०७७

**कार्यपालिकाबाट पारित मितिः २०७७।०८।३०**

**पृष्ठभूमिः**

बुद्धभूमि नगरपालिका भित्र रहेका अति विपन्न परिवारका कृषकहरुलाई व्यवसायिक कृषि पेशामा आवद्ध गरि आय आर्जन गर्न तथा बुद्धभूमि नगरपालिकामा कृषि उत्पादनको बृद्धि गर्न कार्यक्रमलाई व्यवस्थित सरल, सहज, प्रभावकारी र पारदर्शि रुपमा स्थापना र संचालन गर्न स्थानिय सरकार सञ्चालन ऐनको दफा १०२ को उपदफा (२) बमोजिम तथा बुद्धभूमिको प्रशासकीय कार्याविधि नियमित गर्ने ऐन २०७५ बमोजिम कार्यपालिकाबाट पारित भई राजपत्रमा प्रकाशन भए पछि लागु हुने छ।

**१. प्रारम्भिक**

**क) संक्षिप्त नाम र प्रारम्भः**

१. यो कार्यविधिको नाम **"अति विपन्न तथा विदेश बाट फर्किएका विपन्न परिवारका सदस्य/व्यवसाय उन्मुख युवा कृषकलाई प्रोत्साहन अनुदान कार्यक्रम कार्यविधि, २०७७"** रहेको छ।

२. यो कार्यविधि बुद्धभूमि नगर कार्यपालिका वाट स्विकृत भएपछि लागु हुनेछ।

**२ परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

२.१ **"कार्यालय"** भन्नाले बुद्धभूमि नगरपालिकाको कार्यालय सम्झनु पर्नेछ।

२.३ **"कृषि विकास शाखा"** भन्नाले बुद्धभूमि नगरपालिकाको कृषि विकास शाखालाई सम्झनु पर्ने छ।

२.२ **"कार्यविधि"** भन्नाले **"अति विपन्न तथा विदेश बाट फर्किएका विपन्न परिवारका सदस्य/व्यवसाय उन्मुख युवा कृषकलाई प्रोत्साहन अनुदान कार्यक्रम, २०७७"** रहेको छ।

२.३ विदेश भन्नाले अरेवियन मुलुक साउदी अरव, कतार, कुवेत, बहराइनका साथै मलेसिया लगाएतका देशलाई बुझिने छ।

**३. उद्देश्य :** यस कार्यविधीका उद्धेश्यहरु देहाय बमोजिम रहेका छन :

३.१ अनुदान वितरण नीतिलाई प्रकृयामुखि बाट परिणाममुखि लर्फ लैजाने ।

३.२ विपन्न कृषकहरुको आय आर्जन गर्न सहयोग पुर्याउने ।

३.३ बैदेशिक रोजगारीबाट फर्किएका भारत समेतबाट फकिएका युवालाई कृषि व्यवसायमा आर्कषित गर्ने ।

३.४ व्यवसाय उन्मुख कृषकलाई प्रोत्साहित गर्ने ।

**४. कार्य संचालन र प्रक्रियाः**

४.१ नगरपालिकाको कार्यालयले उक्त अनुदान कार्यक्रममा सहभागी हुन चाहने कृषक लागि १५ दिनको प्रस्ताव निवेदन आह्वान हुनेछ ।

४.२ यस कार्यक्रममा सम्मिलित हुन वुँदा नं. ५.३ वमोजिम मापदण्ड पुरा गरेका इच्छुक विदेश (भारतसमेतबाट फर्किएका), विपन्न परिवारका सदस्य/व्यवसाय उन्मुख युवा कृषकलाई तोकिएको म्याद भित्र निर्देशित ढाँचा बमोजिमको निवेदन नगरपालिकाको कार्यालयमा दिनुपर्ने छ ।

४.३ विपन्न/बैदेशिक रोजगारीबाट फर्किएका कृषक छनौट मापदण्डः कृषि कार्यलाई पेशाको रुपमा अवलम्वन गर्न चाहने तर विपन्न वा विदेशबाट फकिएको हकमा छनौट मापदण्ड देहायबमोजिम रहने छ ।

**क) विपन्न परिवारको हकमा**

क) विपन्न परिवारको हकमा ५ कठ्ठा भन्दा कम जग्गा जमिन भएको ।

ख) कच्ची घर भएको ।

ग) घरको कुनै सदस्य वैदेशिक रोजगारीमा नभएको ।

घ) नेपालमा कुनै सरकारी वा गैर सरकारी कार्यालयमा कुनै सदस्यको रोजगारी नभएको ।

ड.) आफनो उत्पादनले ६ महिना भन्दा कम अवधिको लागि मात्र खान पुग्ने ।

च) विगत ३ बर्षमा नगरपालिकाबाट सोही परिवारमा कुनै अनुदानका कार्यक्रम प्राप्त नगरेको ।

छ) नेपालि नागरिकता भएको ।

ज) पुर्णअपाङग, एकल महिला घरमुली रहेको । साथै

ञ) माथि उल्लेखित सबै परिस्थिति रहेको भनी स्व-घोषणा गरेको ।

छ) कोभिडको कारणले बैदेशिक रोजगार (भारत समेत)बाट लकडाउन अवधि वा सो पछि फर्किएको प्रमाण ।

५. कार्यालयले बुँदा नं. ४.३ अनुसार कृषि विकास शाखा प्राप्त भएका मध्ये न्युनतम मापदण्ड पुरा गरेका कृषहरुलाई छनोट गरी नगरपालिकामा पठाउनु पर्ने छ।

६. वडा कार्यालयवाट सिफारिस भई आएका कृषकहरु आवेदन, प्रस्ताव उपर छानविन तथा मूल्यांकन गर्नको लागि तपशिल अनुसारको मूल्यांकन समिति रहने छ।

| | |
|---|---|
| नगरपालिका नगर प्रमुख | संयोजक |
| नगरपालिका नगर उप - प्रमुख | सहसंयोजक |
| प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| आर्थिक विकास समिति संयोजक वा सदस्य | सदस्य |
| कार्यपालिका सदस्य मध्ये १ जना | सदस्य |
| लेखा प्रमुख/सहायक | सदस्य |
| कृषि विकास शाखा प्रमुख | सदस्य सचिव |

आवश्यकता अनुसार आमन्त्रीत सदस्य बोलाउन सकिने छ।

६.१ उपदफा ३ अनुसारको मूल्यांकन समितिले पर्न आएका निवेदनहरुको मूल्यांकन गरी अनुदान उपलब्ध गराउन नगरपालिका समक्ष सिफारिस पेश गर्ने छ।

६.२ अनुदानको लागि छनौट भएका कृषकहरुले नगरपालिकाको फर्मेट बमोजिम सम्झौता गर्नु पर्नेछ।

६.३ छनौटमा परेका कृषकहरुले कम्ती ३ कठमा तरकारी, मौरी ५ घार, च्याउ २०० डल्ला, फलफूल खेति ३ कठ मा सवन्धित बाली खेति गरेको हुनु पर्ने छ।

६.४ सम्झौता पछि छनौट भएका कृषकहरुलाई विनियोजित बजेटको परिधि भित्र काम सम्पन्न भए पश्चात भुक्तानी दिइने छ।

**७. प्रस्तावित आर्थिक आधार :** प्रति अनुदान ग्राहिलाई बढिमा रु. ५०,०००।- वा बील रकमको ८० प्रतिशत अनुदान दिन सकिने छ।

**८. अनुगमन, मूल्यांकन तथा प्रतिवेदन सम्वन्धी व्यवस्था**

यस कार्यक्रमको अनुगमन बुद्धभूमि नगरपालिका को अनुगमन समिति गर्नेछ र सोको मूल्यांकन गरी प्रतिवेदन बुद्धभूमि नगरपालिकामा पेश गर्नु पर्ने छ।

**९. थपघट वा हेरफेर गर्न सक्ने**

९.१ यो कार्यविधिको कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन नगरपालिकाले आवश्यकता अनुसार यस कार्यविधिमा थपघट, हेरफेर गर्न सक्नेछ।

९.२ यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि नगरपालिकाले आवश्यकता अनुसार व्याख्या गर्न सक्ने छ।

९.३ यो कार्यविधि कार्यान्वयन गर्न आवश्यक पर्ने अनुसूचीहरुको निर्माण तथा परिमार्जन नगरपालिकाले गर्न सक्नेछ।

आज्ञाले
अनिल पौडेल
प्रमुख प्रशासकीय अधिकृत